


राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क १४६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ जेठ २६ गते बुधबार ❑ 9 June 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## असारदेखि 'लुज डाउन'

**रासस**
**काठमाडौं, २५ जेठ**

विश्वव्यापी महामारीका रूपमा फैलिएको कोभिड-१९ सङ्क्रमणको गति मुलुकमा क्रमशः न्यून हुँदै गएपछि सरकारले निशेषाज्ञालाई विस्तारै खुकुलो बनाउँदै लैजाने योजना अघि सार्ने भएको छ। गृह मन्त्रालयका अनुसार मुलुकभर जारी गरिएको निषेधको आदेश कार्यान्वयन र सङ्क्रमणको अवस्थाबारे समीक्षा भइरहेको र त्यसैका आधामा असारदेखि कसरी अघि बढ्ने भन्ने कुराको निर्क्योल हुने जनाइएको छ। गृहप्रवक्ता जनकराज दाहालले जिल्लाबाट रिपोर्टिङ् लिने क्रम जारी रहेको जानकारी दिए। "यसअघि 'लकडाउन' थियो, असारदेखि भने 'लुज डाउन' लागू गर्ने योजना छ, मुलुकभरको सुझाव आएपछि त्यसको आधारमा आवश्यक निर्णय लिइने छ", दाहालले भने, "केही सहजीकरण भने पक्कै हुनेछ।" सङ्क्रमणभन्दा निको हुने दर दोब्बर हुँदै गएको र मृत्युदरसमेत न्यून भएकाले निषेधाज्ञामा केही खुकुलो गर्ने योजनाका साथ अहिले काम भइरहेको छ। आ-आफ्नो जिल्लामा आदेश लागू गर्ने र हटाउने अधिकार सरकारले प्रजिअलाई नै दिएकाले गृहको आवश्यक समन्वय र निर्देशनमा काम अघि बढ्नेछ। कोरोना नियन्त्रण तथा रोकथामका लागि जारी निषेधाज्ञा तथा कोरोना परीक्षणको दायरा वृद्धि भएसँगै पछिल्लो दिन सङ्क्रमितभन्दा निको हुनेदर उच्च हुँदै गइरहेको तथ्याङ्कल देखाएको छ। सोमबार झण्डै १८ हजारको परीक्षण गरिएकोमा चार हजार ४७२ मा सङ्क्रमण पुष्टि भएको र छ हजार ९५१ सङ्क्रमित निको भएका छन्। सोही अवधिमा कोरोनाबाट ९२ जनाको मृत्यु भएको छ। त्यसअघि १८ हजारको परीक्षणमा कम्तिमा पनि आठ हजारमाथि सङ्क्रमित फेला पर्दै आएका थिए। मानिसको मृत्यु तीन अङ्कको थियो। कोरोनाको पहिलो लहरमा जारी गरिएको बन्दाबन्दी एक्कासी खोल्दा सङ्क्रमणले गति लिएको उदाहरण प्रस्तुत गर्दै गृह प्रवक्ता दाहालले यसपाली भने त्यो गल्ती नदोहोरिने स्पष्ट पारे। उनका अनुसार आवश्यकताका आधारमा विस्तारै खुकुलो पार्दै लगिने छ।

उक्त अवधिभर सभा, सम्मेलन, गोष्ठी, तालिम, सेमिनार, सिनेमा हल, डान्सबार, दोहोरी, नाचघर, क्लव, पार्टी प्यालेस, स्विमिङ पुल, शपिङ मल, मनोरञ्जनस्थल, सैलुन, ब्युटी पार्लर, हेल्थ क्लव, फुटसल, जिमखाना, समूहमा खेलिने खेलकूद, पुस्तकालय, सङ्ग्राहालय, चिडियाखाना, दर्शकसहितको खेलकूदका गतिविधि भने अझै खुल्ने छैन। मुख्यतः कृषि कर्मको बेला भएकाले त्यसलाई प्राथमिकता दिने योजना छ। दाहालले भने, "दैनिक जनजीवनसँग जोडिने कुरा प्राथमिकतामा पर्छन्, वर्षाको समय छ, मल बीउ, कृषि कर्म, अत्यावश्यक जनशक्ति व्यवस्थापन, सामग्री ओसारपसार र विकास निर्माणलाई प्राथमिकता दिइने तर पूर्णस्वास्थ्य मापदण्ड पालनामा भने कडाइ गरिनेछ। निषेधाज्ञाका कारण कोरोना नियन्त्रणमा ठूलो सहयोग मिलेको स्वास्थ्य मन्त्रालय बुझाइ छ। त्यसैले पनि एकैचोटी खुला गर्न नहुने पक्षमा मन्त्रालय पनि रहेको छ।

काठमाडौँका सहायक प्रमुख जिल्ला अधिकारी कल्पना घिमिरे यो साताको समीक्षाका आधारमा उपत्यकाको निषेधाज्ञाको निर्धारण हुने बताउछन्। पछिल्लो समयमा सङ्क्रमण घटेकाले पनि केही खुकुलो हुने आशा

बाँकी अन्तिम पृष्ठमा ▶▶

## पोखरा रंगशालामा क्रिकेट मैदान संरक्षण र बहुउद्देश्य हलमा पार्केटीङ गर्न सुरु

**पोखरापत्र संवाददाता**
**पोखरा, २५ जेठ**

कोरोनाको दोश्रो लहरका बाबजुत पोखरा रंगशालामा विभिन्न खेलकुदको भौतिक संरचना निर्माणको हुने क्रम जारी रहेको छ।

कोरोनाको दोश्रो लहर सुरु भएसंगै पोखरा फुटवल स्टेडिएमको बाँकी रहेको निर्माण कार्य सुरु भएसंगै हाल क्रिकेट मैदान संरक्षण तथा बहुउद्धेश्य कवर्ड हलमा पार्केटिङ गर्ने काम सुरु भएको छ।

नवौं राष्ट्रिय खेलकुदलाई लक्षित गरी कोरोनाकालमै खेलकुदका भौतिक संरचना निर्माणका कामलाई अघि बढाएको राष्ट्रिय खेलकुद परिषदका सदस्य राजेश कुमार गुरुङले बताए। पोखरा रंगशालामा क्रिकेट मैदानको तारवार लगाउने र बहुउद्धेश्य कवर्ड हलमा पार्केटिङ गर्ने काम सुरु भएको उनले जनाए। नवौं राष्ट्रिय खेलकुद प्रतियोगिता आउदो बर्षमा हुने भएकोले गर्दा रंगशाला सहित कास्की एवं प्रदेशका जिल्लाहरुमा विभिन्न खेलकुदको भौतिक निर्माणमा संरचना हाल बनाउन लागिएको सदस्य गुरुङले जनाए।

क्रिकेट मैदानको इनर फेन्सिङको लागि हाल २५ लाखको बजेटको काम सुरु भएको पोखरा क्रिकेट मैदान निर्माण उपभोक्ता समितिका अध्यक्ष कमल थापाले बताए। कोरोनाको समयमै आफुहरुले मजदुरहरुलाई आवश्यक स्वास्थ्य मापदण्ड पुरा गरी काममा लगाएको उनले जनाए। नेपाल क्रिकेट संघ अर्न्तगत पोखरा क्रिकेट मैदानका क्यूरेटर प्रजीत राउतले क्रिकेट मैदानमा ३ सय मिटरको पर्खाल सहितको तारजाली लगाउने हुदा मैदानको अब संरक्षण हुने बताए। घाँस काट्ने मेसिन बिग्रिएका कारण हाल मैदानमा पलाइको घास समेत काट्न नपाएको उनले जनाए। राखेपको बजेटबाटै यस बर्ष पोखरा रंगशालाका केही बाँकी रहेका कामहरु सुरु भएको पश्चिमाञ्चल क्षेत्रिय खेलकुद विकास समितिका कार्यालय प्रमुख लक्ष्मण योगीले बताए। बहुउद्धेश्य सभाहलमा करिब ९० लाखको बजेटमा काम हुन लागेको उनले जनाए। पोखरा रंगशालामा हाल अन्तराष्ट्रिय स्तरको फुटवल स्टेडिएम निर्माणको अन्तिम चरणको काम जारी रहेको कम्पनीका प्रोजेक्ट म्यानेजर ई.दीपक बरालले बताए। कार्तिक भित्र उक्त रंगशालाको सबै काम सम्पन्न गरी राखेपलाई हस्तान्तरण गर्ने गरी हाल निर्माण कार्यलाई तिव्रता दिएको उनले दाबी गरे। १ अर्ब २८ करोडको पोखरा फुटवल स्टेडिएम निर्माणको काम हाल अन्तिम चरणमा पुगेसंगै पोखरामा अन्तराष्ट्रिय फुटवल प्रतियोगिताहरु संचालनको लागि अत्यावसेक फ्लटलाइट र स्कोरवोर्ड समेत अत्यावसेक भएको राष्ट्रिय खेलकुद परिषदका सदस्य राजेश कुमार गुरुङले

बाँकी अन्तिम पृष्ठमा ▶▶

## पाँच हजार संक्रमित थपिए, १०८ को निधन

**रासस**
**काठमाडौं, २५ जेठ**

मुलुकभरि पछिल्लो २४ घण्टामा पाँच हजार एक सय ५३ जना कोभिड-१९ का संक्रमित थपिएका छन्। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जारी गरेको तथ्याङ्कमा १७ हजार ६७६ नमूना परीक्षणमा पाँच हजार १५३ जनामा सङ्क्रमण पुष्टि भएको हो।

तीमध्ये १२ हजार ६५ पिसिआर परीक्षण गर्दा तीन हजार ८७० र पाँच हजार ६११ एन्टिजेन परीक्षण गर्दा एक हजार २८३ जनामा सङ्क्रमण देखिएको छ। योसँगै नेपालमा कोरोना भाइरस सङ्क्रमितको सङ्ख्या पाँच लाख ९५ हजार ३६४ पुगेको छ। नेपालमा पिसिआर परीक्षण गरेकामध्ये सङ्क्रमण दर १८.८ प्रतिशत रहेको छ। यस्तै मंगलबार छ हजार ५७० जना सङ्क्रमित निको भएर घर फर्किएका छन्। नेपालमा निको हुने दर ८४.७ प्रतिशत रहेको छ। अहिलेसम्म निको भएर घर फर्किनेको सङ्ख्या पाँच लाख चार हजार ५३० पुगेको छ।

मन्त्रालयका अनुसार विगत २४ घण्टामा कोरोना भाइरस सङ्क्रमणबाट १०८ जनाको निधन भएको छ। योसँगै कोरोना भाइरस सङ्क्रमणबाट मृत्यु हुनेको सङ्ख्या आठ हजार ९८ पुगेको छ। नेपालमा प्रति दश लाखमा २७७.९ जनाको सङ्क्रमणका कारणले निधन हुने गरेको मन्त्रालयले जनाएको छ।

## गण्डकी प्रदेशमा थप ५१८ संक्रमित, १० को मृत्यु

**पोखरापत्र संवाददाता**
**गण्डकी, २५ जेठ**

पछिल्लो २४ घण्टामा कास्की जिल्लामा थप २३२ जनामा कोरोना संक्रमण पुष्टि भएको छ। कास्कीमा १३० जना पुरुष तथा १०२ जना महिला गरी २३२ जनामा कोरोना भाइरस देखिएको प्रदेश स्वास्थ्य निर्देशनालय पोखराले जनाएको छ।

पछिल्लो २४ घण्टामा प्रदेशमा १ हजार २८२ जनाको नमुना परीक्षण गरिएकोमा गण्डकी प्रदेशमा थप ५१८ जनामा कोरोना पोजेटिभ देखिएको विज्ञप्ति मार्फत निर्देशनालयले उल्लेख गरेको छ। कास्कीका २३२ सहित म्याग्दीका १५ जना, पर्वतका ८७ जना, गोरखाका १०६ जना, लमजुङका १२ जना तनहुँका ५ जना, बाग्लुङका १७ जना, स्याङ्जाका १२ जना मुस्ताङका १ जना र नवलपुरका ३१ जना गरी प्रदेशका १० जिल्लामा २६९ पुरुष तथा २४९ जना महिलामा कोरोना पुष्टि भएको हो। योसँगै गण्डकी प्रदेशमा कोरोना संक्रमितको कुल संख्या ४७ हजार ८०९ पुगेको छ। पछिल्लो २४ घण्टामा १०७३ जना निको भएसँगै प्रदेशमा संक्रमणमुक्त हुनेको संख्या ३९ हजार १२० पुगेको छ। पोखराका अस्पतालहरुमा उपचाररत ८ जनासहित गण्डकी प्रदेशका थप १० जना कोरोना संक्रमितहरुको मृत्यु भएको छ। निर्देशनालयका अनुसार प्रदेशमा कोरोना संक्रमणबाट निधन हुनेको संख्या ७८९ पुगेको छ।

## मन्त्रिपरिषद् विस्तारमा कारण देखाऊ आदेश

**पोखरापत्र संवाददाता**
**पोखरा, २५ जेठ**

सर्वोच्च अदालतले मन्त्रिपरिषद् पुनर्गठन गरेका विषयमा परेको रिट निवेदनमा १५ दिनभित्र लिखित जवाफ पेश गर्न सरकारका नाममा आदेश जारी गरेको छ। न्यायाधीश ईश्वरप्रसाद खतिवडाको एकल इजलासले कारण देखाउ आदेश जारी गर्दै सोसम्बन्धी लिखित जवाफ माग गरेको हो।

इजलासले सो विषयमा थप छलफलका लागि दुवै पक्षलाई आगामी असार ८ गते बोलाउने आदेशसमेत गरेको छ। राष्ट्रपति कार्यालय, प्रधानमन्त्री केपी शर्मा ओलीलगायतलाई विपक्षी बनाई वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठी, अधिवक्ता कञ्चनकृष्ण न्यौपानेसहित छ जनाले उक्त विषयमा रिट निवेदन दायर गरेका थिए।

## कोरोना कहरका बीच कृषिमार्फत स्वरोजगार बनाउने प्रयास

**पोखरापत्र संवाददाता**
**गण्डकी, २५ जेठ**

कोरोना महामारीसँगै अधिकांशको रोजगारी गुमेको अवस्थालाई लक्षित गर्दै कास्कीको अन्नपूर्ण गाउँपालिकाले कृषिमार्फत सर्वसाधारणलाई स्वरोजगार बनाउने गरी विभिन्न कार्यक्रम अघि बढाएको छ।

आयमूलक नगदेबालीलाई जोड दिएको गाउँपालिकाले अघिल्लो वर्ष सुन्तला, कागती, एबोकार्डो, जापानिज कटुस, अम्बा आदिका दुईलाख ६५ हजार विरुवा वितरण गरेको थियो। यस वर्ष सर्वसाधारणलाई ३५ हजार कुरिलोको विरुवाका साथै १६ हजार डाले घाँसको विरुवा ५० प्रतिशत अनुदानमा वितरण गर्न लागेको गाउँपालिकाका अध्यक्ष युवराज कुँवरले जानकारी दिए।

कृषिका सम्भाव्यताको

बाँकी अन्तिम पृष्ठमा ▶▶

## नेपाल आयुर्वेद औषधी व्यवसायी संघ, कास्की शाखाद्धारा नि:शुल्क स्वास्थ्य सामाग्री वितरण

**पोखरापत्र संवाददाता**
**पोखरा, २५ जेठ**


नेपाल आयुर्वेद औषधी व्यवसायी संघ, कास्की शाखाले जिल्ला ट्राफिक कार्यालय, कास्कीलाई एक कार्यक्रमको आयोजना गरी नि:शुल्क स्वास्थ्य सामाग्री वितरण गरेको छ।

कार्यक्रमको औचित्यमाथि प्रकाश पार्दै संस्थाका सचिव पुष्पराज पौडेलले हाल विश्वव्यापी रुपमा फैलिरहेको कोरोना भाइरस (कोभिड १९) को दोस्रो लहरले निम्त्याएको परिस्थितिमा आफ्नो व्यापार व्यावसायलाई थाती राखी आफुमा भएका दु:ख पीडाहरुलाई एक ठाउँमा पञ्छाएर एक मानवले अर्को मानवलाई सहयोग गर्नुपर्छ भन्ने भावनाकासाथ कास्की जिल्लाका आयुर्वेद व्यावसायीहरुले आफु सक्दो रकम संकलन गरी नि:शुल्क स्वास्थ्य सामाग्री बाड्ने संकल्प गरेको हो भन्ने बताए। सोही अनुरुप सरकारबाट जे-जस्तो रुपमा उपलब्धता भएपनि जनताको जिउँधनको सुरक्षा गर्नलागि अग्रभागमा अहोरात्र खट्नुहुने राष्ट्रसेवक जिल्ला ट्राफिक प्रहरीहरुको मनोबल उच्च राख्न, सामाजिक सद्भाव बढाउन, उनीहरुलाई बाहिरी संक्रमणबाट बचाउनको लागि



सहयोग गर्नुपर्छ भन्ने ध्येयका साथ ट्राफिक प्रहरीलाई छनौट गरिएको बताए। ने.आ.औ.व्या.संघ.कास्की शाखाका अध्यक्ष पवन अधिकारीले संस्थाको बारेमा जानकारी दिँदै यस कोरोनामहामारीको संक्रमणबाट संक्रमित अति विपन्न परिवारका व्यक्तिहरु यस समिति समक्ष सम्पर्क गरेको खण्डमा वा कुनै आधिकारिक संस्थाबाट मौखिक या लिखित सिफारिस लिई आएमा सरकारले जारी गरेको प्रोटोकलको आधारमा रही रोगसँग लड्न सक्ने, रोग प्रतिरोधात्मक क्षमता वृद्धि गर्ने औषधीहरु नि:शुल्क रुपमा उपलब्ध गराउने जानकारी दिए भने स्वास्थ्य सम्बन्धी सरसल्लाह र उचित परामर्शको लागि आयुर्वेदिक विज्ञ डा.हरुको टोली बनाई "स्वास्थ्य परामर्श, एक ऋर्बी" मा भन्ने अभियान समेत सञ्चालन गरिएको जानकारी दिए। यसै अवसरमा जिल्ला ट्राफिक कार्यालयका प्रहरी निरीक्षक अमृतबहादुर बस्नेतले आफुनो दु:ख कष्ट विर्सेर यस्तो अवस्थामा जो तपाईको व्यावसायी समतिले हामीलाई सहयोग गर्नुपर्छ भन्ने भावनाका साथ सदासयता देखाउनु भएकोमा तपाईहरु लगायत सहयोग गर्ने सम्पूर्ण व्यवसायीहरुलाई धन्यवाद प्रकट गर्दै तपाईहरुको व्यवसाय राम्रो होस् सुरक्षित रही आफ्नो व्यवसाय गर्नुहोला भनी सरकारबाट अपुग रहेको अवस्थामा यस सामाग्रीले केही राहत मिल्ने जानकारी व्यक्त गरे। ने.आ.औ.व्या.संघका केन्द्रिय सदस्य कृष्ण तिमिल्सिनाले संस्थाको सुरुवाती कार्य राम्रो भएको र यस्ता सहयोगका कार्यहरु अगाडी बढाउँदै लैजानेछ भन्ने हौसला दिई स्वागत मन्तव्य व्यक्त गरेका थिए।

नि:शुल्क सामाग्री वितरणको लागि सहयोग गर्ने फर्महरुमा श्रद्धा आयुर्वेद फर्मा तेर्सापट्टि, श्रेष्ठ ड्रग कर्न्सन तेर्सापट्टि, कृपा आयुर्वेद फर्मा पालिखेचोक, जनसमृद्धि आयुर्वेद औषधालय बगर, बैद्धिक आयुर्वेद फर्मा नागढुङ्गा, गुडहेल्थ आयुर्वेद फुलबारी, कुशुमकृष्ण आयुर्वेद तेर्सापट्टि, स्वीकृति आयुर्वेद, राष्ट्रबैंकचोक, गौतम आयुर्वेद काठमाण्डौ, फेमिली इन्टरप्राइजेज हेमजाले सहयोग गरेका थिए। संस्थाका धेरैजसो कार्यसमितिका पदाधिकारी, सदस्यहरु एवं जिल्ला ट्राफिक कार्यालयका राष्ट्रसेवक ट्राफिक प्रहरीहरुको उपस्थिति रहेको कार्यक्रममको सभापतित्व पवन अधिकारीले गरेका थिए भने कार्यक्रमको सञ्चालन संस्थाका सचिव पुष्पराज पौडेलले गरेका थिए।



# पोखराका विपन्न परिवारलाई विवेकशील साझाको खाद्यान्न सहयोग

पोखरापत्र संवाददाता
पोखरा, २५ जेठ

विवेकशील साझा पार्टीले खाद्यान्न अभाव समस्या भोगेका झण्डै १ सय परिवारलाई राहत सहयोग गरेको छ।

अति विपन्न, श्रमिक, मजदुर, फरक क्षमता भएका नागरिकलाई लक्षित गरी खाद्यान्न वितरण अभियान गरिएको विवेकशील साझा पार्टी पोखरा महानगर संयोजक अजय श्रेष्ठले जानकारी दिए । पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा कोभिड बिरामीलाई लक्षित गरी आयोजना गरिएको 'तातो भात अभियान' लाई प्रशासनले रोकेपछि पार्टीले राहत तथा खाद्यान्न वितरण कार्यक्रमलाई गत आइतबारबाट



संचालनमा ल्याएको हो।

कोभिड महामारीको दोश्रो लहर सुरु भएपछि पार्टीले कोभिड रेस्पोन्स टिम गठन गरेको थियो । सो टिमका संयोजक अशोक खड्का अनुसार फेवातालमा डुंगा व्यवसायमा आश्रित खपौंदीका १ दर्जन जलारी परिवार, पोखराका विभिन्न स्थानमा बस्ने फरक क्षमता भएका २ दर्जन परिवार, विपन्न वर्गका झण्डै ३ दर्जन परिवारलाई अहिलेसम्म लगभग २ लाख बराबरको खाद्यान्न तथा नगद सहयोग गरिएको हो । राहत तथा खाद्यान्न सहयोग पाउनेमा नयाँ बजार, खपौंदी, हरियाली मार्ग, नयाँ गाउँ, अमरसिंह, पुरानो धारा, काहुँ खोला , कसेरी, बगर, डिको पाटन र पोखराका विभिन्न स्थानका अशक्त र फरक क्षमता भएका परिवार छन् । सो अभियानमा खाद्यान्न वा नगद सहयोग गर्न चाहनु हुने महानुभावले ९८५६०३२६६९, ९८५६०१५५०५ र ९८५६०८१८१८ मा सम्पर्क गरी अभियानलाई सहयोग गर्न सकिने विवेकशील साझा पार्टी कास्की जिल्ला संयोजक फणिन्द्र अधिकारीले बताए । संयोजक अधिकारीका अनसार पार्टीले अन्नपूर्णरमाछापुच्छ्रेगाउँपालिकामा पनि खाद्यान्न तथा राहत कार्यक्रम गर्दैछ।

# बहिनी एडुकेयर फाउण्डेशनद्वारा राहत वितरण

पोखरापत्र संवाददाता
पोखरा, २५ जेठ

पोखरा महानगरपालिका-२३ मा १०० जनालाई राहत वितरण गरिएको छ । पत्रकार भानु पराजुलीका पहलमा बहिनी एडुकेयर फाउण्डेशनको आर्थिक सहयोगमा विपन्न परिवारलाई राहत वितरण गरिएको हो।

कोरोना महामारीका कारण जारी निषेधाज्ञाले ज्याला मजदूरी गरेर दैनिक गुजारा चलाउनेको जीवन कष्टकर बन्दै गएपछि उनीहरुका लागि राहत वितरण गएिको फाउण्डेशनका निर्देशक सुरेन्द्र परियारले जानकारी दिए।

उनका अनुसार २५ केजी चामल, पाँच केजी दालसहित मास्क र साबुन गरी उक्त वडाका १०० लाई राहत सामग्री वितरण गरिएको हो।

राहत वितरण गर्दै उक्त वडाध्यक्ष विष्णुप्रसाद पराजुलीले कोरोना महामारीले विपन्न परिवारलाई झनै समस्यामा पारेका जनाउँदै फाउण्डेशनले सहयोगले विपन्न परिवारलाई राहत मिलेको बताए । उनले फाउण्डेशनलाई धन्यवाद दिँदै कठिन वस्थामा हुनेले नहुनेलाई दिएर मानवीय कर्तब्य पूरा गर्न आग्रह गरे । सिद्ध बराह माविका अध्यक्ष उपेन्द्र पराजुली तथा शिक्षक प्रेम पराजुलीसहितको सहयोगमा वितरण गरिएको राहतमा छुटेका परिवारको पहिचान गरेर थप राहत वितरण गरिने फाउण्डेशनका निर्देशक परियारले जानकारी दिए।

यसैबीच उक्त वडाका वडाध्यक्ष विष्णुप्रसाद पराजुलीले अक्सिजन प्लान्टका लागि रु एक लाख दिने घोषणा गरेका छन् । अध्यक्ष पराजुलीले वडाको तर्फबाट संस्थागत निर्णय गराइ पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान अन्तर्गतको पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा अक्सिजन प्लान्टका लागि उक्त रकम दिने घोषणा गरेका हुन् । पश्चिमाञ्चल स्वास्थ्य विज्ञान प्रतिष्ठानमा अक्सिजन प्लान्ट स्थापना र आइसियू बेड थप्नका लागि "रु १०० दान गरौं, महामारीमा प्राण राखौं" भन्दै बतास फाउण्डेशनका पहलमा अभियान चलेको छ।

# अन्नपूर्ण कोभिड हेल्पलाइनलाई नेलम्बोद्वारा सहयोग

पोखरापत्र संवाददाता
पोखरा, २५ जेठ

अन्नपूर्ण कोभिड हेल्पलाइनलाई पोखरा ४ स्थित नेलम्बो नेपालले स्वास्थ्य सुरक्षाका सामग्री प्रदान गरेको छ।

आइतवार एक कार्यक्रमका बीच नेलम्बोका जनसम्पर्क अधिकृत भीमप्रसाद भण्डारीले हेल्पलाइन संयोजक विराज सुवेदीलाई सामग्री हस्तान्तरण गर्नुभएको हो । त्यस अवसरमा माक्स, भाइजर, अक्सीमिटर, पीपिई, सेनिटाइजर थर्मल गन, ग्लोब्स्, सावुन, स्प्रे बोटल र जनचेतनामूलक व्यानर सहित रु. ६२ हजार बराबरका सामग्री प्रदान गरिएको हो। कार्यक्रममा धारणा राख्दै प्रमुख अतिथी अन्नपूर्ण १ का वडाध्यक्ष भरतजंग कुँवरले हेल्पलाइनको कार्य प्रशम्सनीय रहेको चर्चा गर्दै स्थापनाको केही सातामै संस्थाले उल्लेख्य कार्य गरेको औँल्याउनु भयो।

वडामा हालसम्म २१ जनामा कोरोना संक्रमण देखिएको तथ्य अगाडि सार्दै वडाध्यक्ष कुँवरले मनोवल उच्च राखेको खण्डमा कोरोनालाई सजिलै परास्त गर्न सकिने जनाउनुभयो । नेलम्बोका जनसम्पर्क अधिकृत भीमप्रसाद भण्डारीले



संस्थाले शिक्षा, स्वास्थ्य र वातावरणको क्षेत्रमा कार्य गर्दै आएको उल्लेख गर्दै पछिल्लो समय स्वास्थ्य अन्र्तगत कोभिड नियन्त्रणमा क्रियाकलाप केन्द्रीत गरेको स्पष्ट पार्नुभयो । उहाँले पारदर्शिता र सक्रियता भएको ठाउँमा नेलम्बोले सहयोग गर्दै आएको स्पष्ट पनि पार्नुभयो । हेल्पलाइन संयोजक विराज सुवेदीले अन्नपूर्णका जनता तथा विभिन्न संघसंस्थाको सहयोग संस्थाले यथेष्ठ प्राप्त गरेको चर्चा गर्नुभयो । उहाँले संस्थाका गतिविधीलाई अन्नपूर्ण वासीले महायज्ञका रुपमा ग्रहण गरेको स्पष्ट पनि पार्नुभयो । हेल्पलाइन सह-संयोजक विष्णुअधिकारीले संस्थाले अन्नपूर्णका कोरोना संक्रमितको उपचारका लागि निःशुल्क एम्वुलेन्सको व्यवस्था गरेको र संक्रमण फैलिएको स्थानमा पुगी स्वास्थ्य सुरक्षाका सामग्री पनि प्रदान गर्दै आएको जानकारी दिनुभयो । उक्त अवसरमा कार्यपालिका सदस्य गंगा कुँवर, वडा सदस्य इन्द्रप्रसाद सुवेदी, समाजसेवी शोभाखर अधिकारी, महिला स्वास्थ्य स्वयमूसेविका बालिका सुवेदी लगायतले पनि धारणा राख्नुभएको थियो । उहाँहरुले कोरोनाको यो महामारीमा नेलम्बो र हेल्पलाइनका क्रियाकलापले जनताको मनोबल बढेको, हेल्पलाइनले कोभिड विरामीका अलवा अन्य रोगीलाई पनि सेवा दिइरहेको, दुवै संस्थाको क्रियाशिलता राम्रो रहेको लगायतका धारणा राख्नुभयो ।उक्त कार्यक्रम हेल्पलाइन सचिव शिवहरी सुवेदीले सहजीकरण गर्नुभएको थियो।

## पोखरा...

बताए । रंगशालामा फ्लटलाइट र स्कोरवोर्ड व्यबस्थापनको लागि राखेपमा बिषेश पहल गर्ने उनले जनाए । अखिल नेपाल फुटवल संघका केन्द्रिय उपाध्यक्ष कृष्ण थापाले पोखरामा सभा अर्ब बढीको बजेटमा पोखरा फुटवल स्टेडिएम बनेसंगै अन्तराष्ट्रिय रुपबाट मान्यता प्राप्त गर्न फुटवल चेङजिङ रुम देखि फ्लटलाइट स्कोरवोर्ड लगायतका कुरा आवश्यक हुने भएको बताए । फुटवल मैदान र प्यारापिट ठिक भएको बताएका उनले टेक्निकल वक्स, रेफ्रि रुम,अफिसियल वक्स, मिडियाहरुको लागि छुट्टै कक्ष लगायतका संरचना आवश्यक पर्ने थापाले बताए।

## कोरोना...

पहिचानका लागि गाउँपालिका क्षेत्रमा अघिल्ला वर्षमा माटो परीक्षणसमेत गराइसकेको जानकारी दिँदै उहाँले कृषिमार्फत स्वरोजगार अभिवृद्धि गराउने दीर्घकालीन लक्ष्य राखिएको बताए । सम्भाव्यताकै अध्ययनका क्रममा गाउँपालिकाको वडा नं ३ पत्थरमा कृषि विज्ञहरू डा अनिल सुवेदी र डा कुलराज चालिसेले पत्थरमाथि खेतीको अनुसन्धान गरिरहनुभएको जानकारी दिँदै उनले अनुसन्धान सफल भएमा सर्वसाधारणलाई यसतर्फ अभिप्रेरित गरिने बताए। पत्थरमाथि बोरामा माटो राखेर तरुल, गिठठ्ा आदि कन्दमुलजन्य वस्तुहरूको खेतीबारे सम्भाव्यता अध्ययन भइरहेको उनले बताए।

गाउँपालिकाले पुरानो बाली संरक्षण अभियानअन्तर्गत वडा नं ४ सल्यानमा कोदो, मकै, धानको रैथाने प्रजातिको संरक्षण कार्यलाई पनि अघि बढाएको कुँवरले जानकारी दिए।

## असारदेखि...

आमनागरिकले पनि लिएका छन्। निषेधाज्ञा उलङ्घन गर्दै यही २० गतेदेखि भने मुलुकभर नै मानिसको चहलपहल बढेको पाइएको छ । यातायातका साधनसमेत बाक्लिएका छन्। उपत्यकामा समेत त्यो अवस्था देखिएको छ। अहिले नै लापरवाही गर्ने अवस्था नरहेको जनस्वास्थ्यविद्को भनाइ छ । जोखिम कायमै रहेकाले अझै एक महिना विशेष ध्यान दिनुपर्ने स्वास्थ्य तथा जनङ्ख्या मन्त्रालकया सह-प्रवक्ता डा समीर कुमार अधिकारी बताउछन् । दोस्रो कोरोनाको लहरसँगै नेपालमा गत वैशाख ७ गते बाग्लुङबाट निषेधको आदेश जारी गर्नेक्रम शुरु भएको थियो।

सङ्क्रमण नियन्त्रणका लागि वैशाख १३ गते बाँके र १४ गते सुर्खेतमा गरिएकामा १६ गतेदेखि उपत्यकासहीत धेरै जिल्लाले निषेधाज्ञा जारी गरेका थिए । जेठ मसान्तसम्म खोटाङ र मनाङ बाहेकका ७५ जिल्लाले निषेधाज्ञा जारी सङ्क्रमण नियन्त्रणमा सक्रियता देखाइरहेका छन् । नेपाल प्रहरीका प्रवक्ता प्रहरी वरिष्ठ उपरीक्षक वसन्तबहादुर कुँवर आदेशको पूर्ण कार्यान्वयनमा ७७ वटै जिल्लाका प्रहरी खटिएको बताउछन् । अझै पनि मानिस आफ्नो स्वास्थ्यका लागि सचेत नभएको उल्लेख गर्दै उनले प्रहरी देखे मात्रै मानिस सचेत हुने त्यसपछि लापरवाही गर्ने क्रम कायम रहेको बताए। चिकित्सकले आफू बाहेक सबै कोभिड सङ्क्रमित हो भनेर व्यवहार गर्न नागरिकसँग अनुरोध गरिरहेका छन्।




# रेडियो सराङ्कोटद्धारा राहत वितण

पोखरापत्र संवाददाता
पोखरा, २५ जेठ

रेडियो सराङ्गकोटको अभियान आकस्मीक रक्तदान संगै बिपन्न अपाङ्ग परिवारलाई राहत वितरण गरिएको छ।

तिन चरणमा विभिन्न ठाउँमा ७४ पोइट रगत सङ्कलन गरिएको र मङ्गलबार पोखराको १५ नं वाड मा रहेका अपाङ्ग परिवारलाई खाद्यय सामाग्री वितरण गरिएको छ । २०६३ मा स्थापना भई समुदायमुखि कार्य सँगै सामाजिक उत्तरदायित्वका कार्यक्रमहरुलाइ महत्वका साथ गरिदै आएको, बिपतमा सहयोग भन्ने अभियान अर्न्तगत रेडियोले सहयोग कार्यक्रमहरु गदै आएको रेडियोका कार्यकारी निर्देशक कृष्ण थापाले बताए। दोस्रो चरणको लकडाउन शुरुदेखि स्वास्थ सचेतना मुलक कार्यक्रमहरु सगै अन्य संघसंस्थाको समन्वयमा रक्तदान संगै बिपन्न, अपाङ्गका लागि खाद्यय औषधी उपचारमा सहयोग गदै आएको छ।


रेडियो तथा सराङ्गकोट बहुउद्देश्यीय सहकारी मार्फत सामाजिक कार्यलाइ महत्वको साथ गरिदै आएको रेडियोका निर्देशक तथा पुर्व प्रहरी निरिक्षक सिब बहादुर थापाले बताए । समुदायमुखि सामाजिक कृयाकलाप कार्यक्रम प्रसारणमा सकृय रेडियोले जेठ महिनाभर रक्तदान कार्य गरिने हुदा संघसंस्थाहरु सँग समन्वय का लागि रेडियो का प्रमुख योगेन्द्र श्रेष्ठले अनुरोध गरेका छन्। रेडियोको नियमित प्रशारण संगै जेठ महिना भर आईतबार , बिहिबार सम्मपुर्ण आर्थिक कारोबार अन्य वार आकस्मीक सेवा निरन्तर रहेको सहकारीका ब्यवस्थापक सुरेन्द्र थापाले बताए। रहात सामाग्री बुझदै रेडियोको माध्यमबाट सहयोग पाएकोमा पोखरा १५ वडा निवासी राजन श्रेष्ठले खुसी ब्यक्त गरै।

# एमाले प्रदेशसभा सदस्यलाई स्पष्टीकरण

रासस
काठमाडौं, २५ जेठ

सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री त्रिलोचन भट्टलाई विश्वासको मत नदिने नेकपा (एमाले)का प्रदेशसभा सदस्यलाई मंगलबार स्पष्टीकरण सोधिएको छ। एमालेको प्रदेश संसदीय दलको बैठकले गरेको निर्णय र ह्विप विपरीत मुख्यमन्त्रीका विपक्षमा मतदान गर्ने सात सदस्यलाई संसदीय दलका नेता प्रकाशबहादुर शाहले २४ घण्टे स्पष्टीकरण सोधेको संसदीय दलका प्रमुख सचेतक दुर्गाकुमारी कामीले बताए । विपक्षमा मतदान गर्नेमा नेपालु चौधरी, गेल्बुसिंह बोहरा, लीलाधर भट्ट, रतनबहादुर थापा, माया तामाङ, पठानसिंह बोहरा र बलदेव रेग्मी रहेको जनाइएको छ। माओवादी केन्द्रको नेतृत्वमा रहेको प्रदेश सरकारका मुख्यमन्त्री पक्षमा संसदीय दलको निर्णयानुसार एमालेका १७ जनाले भने मत दिएका थिए।

कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरुषमा देखिनेः
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।
महिलाहरूमा देखिनेः
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।
मलद्धार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।
महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार
जाँच्ने समयः प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१
नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

सबैको निन्दा सुन तर आफ्नो फैसलालाई भने गोप्य नै राख।
- शेक्सपियर

## सम्पादकीय

# निषेधाज्ञाले मात्र समाधान होइन

विश्वव्यापी महामारीका रूपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) संक्रमण दर घट्दो र निको हुने दर बढ्दै गएको छ। कोरोना भाइरस (कोभिड-१९) संक्रमण रोकथाम तथा नियन्त्रणका लागि जारी निषेधाज्ञाका कारण कमि भएको छ। देशभरि एकैचोटि लक डाउन गर्न नसक्दा यश पटक गाउँबस्तीलाई संक्रमणले असर पुर्‍याएको छ। जिल्लालाई निषेधाज्ञा लगाउने अधिकार दिंदा कहि खुकुलो, कहि कडा हुन पुग्यो। ब्यबहारिक पक्षलाई ध्यान दिँदा समुदायमा संक्रमण फैलिन पुग्यो। स्वास्थ्य उपचार र स्वास्थ्य उपकरणको अभावमा धेरैले ज्यान गुमाउनु परेको छ। खोप सबैलाई समयमै दिन नसक्दा ज्यान गुमाएका प्रति राज्य जवाफदेही हुनुपर्छ। अहिले संक्रमित निको हुने संख्या दिनहुँ बढ्दो छामृत्यु दर पनि कम हुँदै गएको छापिसिआर परिक्षणको रिपोर्ट अलि चाँडो आउन थालेको छ। एण्टीजेन परिक्षण गरेर तत्काले जानकारी पाउने अवस्थाले पनि अत्यास लाग्दो स्थिति हटेको छाअब खेतीपाती गर्ने बेला भएको हुँदा निषेधाज्ञा असारदेखि खुकुलो हुने भएको छ।

गृह मन्त्रालयले मुलुकभर जारी गरिएको निषेधको आदेश कार्यान्वयन र संक्रमणको अवस्थाबारे समीक्षा गर्न थालेको छ। समीक्षाको आधारमा असारदेखि कसरी अघि बढ्ने भन्ने कुराको निर्णय हुने गृहप्रवक्ताको भनाइले पनि जनजीवन केही खुकुलो हुने अनुमान गर्न सकिन्छ। जिल्लाबाट रिपोर्टिङ लिने क्रम जारी रहेको गृहको सकृयताले जनजीवन केही खुकुलो हुने संकेत गर्दछ। यसअघि 'लकडाउन' थियो, असारदेखि भने 'लुज डाउन' लागू गर्ने योजना छ। मुलुकभरको स जिल्लामा आदेश लागू गर्ने र हटाउने अधिकार सरकारले प्रजिअलाई नै दिएकाले गृहको आवश्यक समन्वय र निर्देशनमा काम अघि बढ्नेछ। कोरोना नियन्त्रण तथा रोकथामका लागि जारी निषेधाज्ञा तथा कोरोना परीक्षणको दायरा वृद्धि भएसँगै पछिल्लो दिन संक्रमितभन्दा निको हुनेदर उच्च हुँदै गइरहेको तथ्याङ्कले देखाएको छ।

सोमबार झण्डै १८ हजारको परीक्षण गरिएकोमा चार हजार ४७२ मा संक्रमण पुष्टि भएको र छ हजार ९५१ संक्रमित निको भएका छन्। सोही अवधिमा कोरोनाबाट ९२ जनाको मृत्यु भएको छा त्यसअघि १८ हजारको परीक्षणमा कम्तिमा पनि आठ हजारमाथि संक्रमित फेला पर्दै आएका थिए। मानिसको मृत्यु तीन अंकको थियो। कोरोनाको पहिलो लहरमा जारी गरिएको बन्दाबन्दी एक्कासी खोल्दा संक्रमणले गति लिएको उदाहरण प्रस्तुत गर्दै गृहले यसपाली भने त्यो गल्ती नदोहोरिने जनाएको छ। उनका अनुसार आवश्यकताका आधारमा विस्तारै खुकुलो पार्दै लगिने छ। उक्त अवधिभर सभा, सम्मेलन, गोष्ठी, तालिम, सेमिनार, सिनेमा हल, डान्सबार, दोहोरी, नाचघर, क्लब, पार्टी प्यालेस, स्विमिङ पुल, शपिङ मल, मनोरञ्जनस्थल, सैलुन, ब्युटी पार्लर, हेल्थ क्लब, फुटसल, जिमखाना, समूहमा खेलिने खेलकूद, पुस्तकालय, संग्राहालय, चिडियाखाना, दर्शकसहितको खेलकूदका गतिविधि भने अझै खुल्ने छैनन्।

सरकारले असारदेखि मुख्यतः कृषि कर्मको बेला भएकाले त्यसलाई प्राथमिकता दिने योजना छ। निषेधाज्ञाका कारण कोरोना नियन्त्रणमा ठूलो सहयोग मिलेको स्वास्थ्य मन्त्रालय बुझाइ छा त्यसैले पनि एकैचोटि खुला गर्न नहुने पक्षमा मन्त्रालय पनि रहेको छ। निषेधाज्ञा उलङ्घन गर्दै यही २० गतेदेखि भने मुलुकभर नै मानिसको चहलपहल बढेको पाइएको छ। यातायातका साधनसमेत बाक्लिएका छन्। उपत्यकामा समेत त्यो अवस्था देखिएको छा अहिले नै लापरवाही गर्ने अवस्था नरहेको जनस्वास्थ्यविद्को भनाइ छ। जोखिम कायमै रहेकाले अझै एक महिना विशेष ध्यान दिनुपर्ने स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सह-प्रवक्ता डा समीरकुमार अधिकारी को भनाइले सावधानी अपनाउन सचेत गराउछ। खोप दिलाउन सरकारको सम्पूर्ण ध्यान दिएमा जनतामा अब बाँचिन्छ भन्ने आशा पलाउँछ। लामो समय लक डाउन गर्ने,राहत नदिने हो भने जनता बाध्य भएर निषेधाज्ञा तोड्ने अवस्था आउन सक्छ। सरकारले लुज डाउन गर्दै खोप र स्वास्थ्य उपचारको लागि तयारी पनि गर्नु उत्तिकै आवश्यक छ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : अप्रत्यसित लाभ | तुला | : ब्यापारमा लाभ |
| वृष | : मन चञ्चल | वृश्चिक | : सत्कार मिल्नेछ |
| मिथुन | : शत्रुको भय | धनु | : शारिरीक झमेला |
| कर्कट | : मानसिक तनाव | मकर | : सहयोग मिल्नेछ |
| सिंह | : आर्थिक समस्या | कुम्भ | : झमेला बढ्ने |
| कन्या | : कार्यमा सफलता | मीन | : सम्मान मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# सेनाको व्यावसायिक तालिम केन्द्र निरीक्षण

**पोखरापत्र संवाददाता**
**लमजुङ, २५ जेठ**

नेपाली सेनाको व्यावसायिक कृषि तथा पशुपालन तालिम केन्द्रको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री कृष्णगोपाल श्रेष्ठ र नेपाली सेनाका प्रधान सेनापति पूर्णचन्द्र थापाले आज निरीक्षण गर्नु भएको छ। लमजुङको बेँसीशहर वडा नं. २ बगालेगाउँमा निर्माणाधीन केन्द्रको निरिक्षणका क्रममा मन्त्री श्रेष्ठले भौतिक पूर्वाधार राम्रो बनेको र क्षेत्रफल पनि पर्याप्त भएकाले आगामी दिनमा प्राविधिक ज्ञान, सीप र अध्ययन गर्न यसले सहयोग पुर्‍याउने बताउनु भयो।

निरीक्षण टोलीलाई क्याम्पसका प्राचार्य श्याम घिमिरेले हालको अवस्थाको बारेमा जानकारी गराउनु भएको थियो। केन्द्रलाई रूपान्तरण गरी नेपाली सेना कृषि विज्ञान अध्ययन संस्थानको रूपमा स्तरोन्नति गर्ने प्रक्रिया अघि बढेसँगै विएस्सी एजी अध्यापन गर्ने प्रक्रिया समेत अघि बढेको श्रीजंग गणका गणपति जयराम थापाले बताउनुभयो।

झण्डै १३ करोड रूपैयाँ लगानीमा आवश्यक पूर्वाधार निर्माण गरिएको उक्त क्षेत्रमा बाखा, गाई, बंगुर, कुखुरापालन गरिएको छ भने तरकारी खेतीसमेत गरिएको छ। केन्द्र करिब ४ सय रोपनी क्षेत्रफलमा फैलिएको छ।

# ज्येष्ठ पत्रकारलाई निवृत्त भत्ता दिन माग

**पोखरापत्र संवाददाता**
**पोखरा, २५ जेठ**

अनलाइन पत्रकार सङ्घ, गण्डकी प्रदेशले ६० वर्ष पुगेका पत्रकारलाई निवृत्त भत्ताको व्यवस्था गर्न मागसहित मंगलबार गण्डकी प्रदेश सरकारलाई ध्यानाकर्षण गराएको छ।

प्रदेश सरकारका प्रवक्ता एवं भौतिक पूर्वाधार, शहरी विकास तथा यातायातमन्त्री रामशरण बस्नेतलाई सङ्घका अध्यक्ष कमल सुवेदीसहितको टोलीले आर्थिक एवं मार्फत बजेटमा सञ्चार र पत्रकारिता क्षेत्रका विषयमा समावेश हुनुपर्ने विषयमा सुझाव दिएको हो। ध्यानाकर्षणपत्रमा अनलाइनको दर्ता र नवीकरणलाई थप सहज बनाउन सम्बन्धित जिल्लामा भएको व्यवस्थालाई सहजीकरण गर्न कम्पनी रजिस्ट्रारको कार्यालय सम्बन्धित जिल्लामा नै व्यवस्था गर्ने गरी बजेट विनियोजन गर्न आग्रह गरिएको छ।

अहिलेको अनलाइन र संचार माध्यमको सूचीकरण प्रेस काउन्सिल नेपालमा गर्नुपर्ने व्यवस्था अव्यवहारिक, झन्झटिलो र सङ्घीयताको मर्म विपरित भएको हुँदा प्रदेशका कार्यालयमा नै सोको व्यवस्था गर्न माग गरिएको छ। गण्डकीमा सञ्चालित स्वरोजगार मुलक अनलाइन र मिडियाको संरक्षण तथा पत्रकारिता तालीम, विशेष कोषलगायका लागि विशेष नीति तर्जुमा गर्नसमेत आग्रह गरिएको अध्यक्ष सुवेदीले जानकारी दिनुभयो। मागपत्र बुझ्दै मन्त्री बस्नेतले ती विषयवस्तुलाई अध्ययन गरी उचित सम्बोधन गर्ने प्रतिबद्धता व्यक्त गर्दै कोरोना सङ्क्रमणकालीन अवस्था भएकाले सकेसम्म पत्रकार र पत्रकारिताका क्षेत्रमा सक्दो सहयोग गर्ने बताउनुभयो।

# कोरोना कहरमै बागलुङ नगरभित्र धमाधम कालोपत्र

**पोखरापत्र संवाददाता**
**गलकोट, २५ जेठ**

कोरोना भाइरस सङ्क्रमण नियन्त्रणमा लिन सरकारले निषेधाज्ञा जारी गरेको छ। निषेधाज्ञामा नागरिकहरू घरभित्रै सीमित रहेको समयमा बागलुङ नगरपालिकाले भने नगरभित्रका भित्री र ग्रामीण सडक धमाधम कालोपत्र र मर्मत गरिरहेको छ।

असार मसान्तभित्र नगरपालिकाको झण्डै १० किलोमिटर जीर्ण सडक कालोपत्र तथा मर्मत गर्ने नगरपालिकाले जनाएको छ। बागलुङ बजारलाई खाल्डाखुल्डीमुक्त गराउने अभियानअन्तर्गत अहिले पुराना तथा कालोपत्र उप्किएका, खाल्डाखुल्डी परेका तथा बाढीपहिरोले बिगारेको सडक कालोपत्रको योजना छ। अहिले बागलुङ बजारको पुरानो अदालत रोडबाट कृषि विकास बैंक हुँदै गोदाम घरसम्मको सडक कालोपत्र सम्पन्न भइसकेको छ। कोरोना कहरमा मजदुरलाई एकै स्थानमा राखी स्वास्थ्य सुरक्षा मापदण्ड अपनाएर सडक कालोपत्र गरिरहेको नगरपालिकाका इन्जीनियर गौरव शर्माले बताउनुभयो।

अहिले एक किलोमिटरभन्दा बढी सडक कालोपत्र भइरहको र जेठ मसान्तभित्र पाँच किलोमिटर र असार मसान्तभित्र १० किलोमिटर सडक कालोपत्र गरिने इन्जीनियर शर्माको भनाइ छ। बागलुङ नगरभित्रको जीर्ण सडक कालोपत्र तथा मर्मत शीर्षकमा सडक बोर्ड तथा बागलुङ नगरपालिकाको साझेदारीमा सडक कालोपत्रको काम भइरहेको छ। चार वर्षअघि बागलुङ नगर खानेपानीको आयोजना विस्तारका क्रममा बनेका खाल्डाखुल्डीले बजार कुरुप बन्दै आएको थियो। असार मसान्तसम्म मुख्य सडकका खाल्डाखुल्डी मर्मत भइसक्ने नगरपालिकाको भनाइ छ। रु एक करोड ३८ लाखको लागतमा ९.२५ किलोमिटर सडक कालोपत्र, खाल्टाखुल्डी मर्मत गर्ने योजना छ।

आरएस निर्माण सेवाले सडक बोर्डको रु ९२ लाख र बागलुङ नगरपालिकाको रु ४६ लाख लागतमा कालोपत्रको काम गरिरहेको छ। उक्त रकमबाट बागलुङ बजारको देउराली चोक, तीनतलेबाट धारापानीसम्म, पुरानो वन कार्यालयबाट बुद्धचोक हुँदै पेन्सन क्याम्पसम्म, कुढुँलेको तिरुपती चोक हुँदै ठुलस्वारासम्मको सडक र पुरानो वन कार्यालयबाट बागलुङ एफएमसम्मको सडक कालोपत्र हुनेछ ।यस योजना कार्यान्वयन भए बागलुङ बजारका सबै मुख्य सडक असार मसान्तभित्र कालोपत्र भइसक्नेछन्। बागलुङ बजारको हुलाकचोकबाट जिल्ला अदालत हुँदै स्ट्रेपिपलसम्मको सडक भने सघन शहरी पूर्वाधार विकास आयोजनाले सडक कालोपत्र गर्न पूर्वाधार निर्माण गरे पनि सडक कालोपत्र भएको छैन। नगरपालिकामा धेरै पहिले कालोपत्र भएका तर अहिले निकै जीर्ण भएको सडक अहिलेको प्राथमिकतामा परेको र १० किलोमिटर सडक कालोपत्र र मर्मत हुनासाथ अधिकांश बागलुङ बजारका सडक कालोपत्र र खाल्डाखुल्डीमुक्त भइसक्ने नगरप्रमुख जनकराज पौडेलले जानकारी दिनुभयो।

"गत वर्ष कोरोनामा धेरै विकासे आयोजना प्रभावित बने तर अहिले सरकारले निर्माणको काम नरोक्ने भनेका कारण स्वास्थ्य सुरक्षा अपनाएर विकास निर्माण भइरहेको छ" नगरप्रमुख पौडेलले भन्नुभयो।

# निषेधाज्ञामा जोखिम मोलेर धान रोप्दै किसान

**पोखरापत्र संवाददाता**
**लमजुङ, २५ जेठ**

कोरोना सङ्क्रमण फैलिरहेका बेला जारी निषेधाज्ञामा कोरोना सङ्क्रमणको जोखिम मोलेर यहाँका किसानले धान रोप्न शुरु गरेका छन्। धान रोप्न पानी पर्याप्त हुन थालेपछि जोखिम मोलेरै पहाडी जिल्ला लमजुङको ग्रामीण तथा उच्च पहाडी भेगमा वर्षे धान रोप्न शुरु गरिएको हो।

बेलाबेला वर्षा हुन थालेसँगै केही दिनअघिदेखि जिल्लाका ग्रामीण तथा उच्च पहाडी क्षेत्रमा धान रोपाइँ शुरु भएको कृषि ज्ञान केन्द्र लमजुङका अर्थविज्ञ मदन रेग्मीले बताउनुभयो। उहाँका अनुसार जिल्लाको उच्च भेग तथा नदीको नजिक भएको भेगमा रोपाइँ हुन थालेको छ। विशेषगरी यतिबेला जिल्लाको मर्स्याङ्दी गाउँपालिका-५ घेर्मु, बाहुनडाँडालगायत जिल्लाको माथिल्लो भेगमा रोपाइँ हुन थालेको कृषि ज्ञान केन्द्र कार्यालयले जनाएको छ। घेर्मुका घनश्याम घलेका अनुसार घेर्मुफाँटमा सिँचाइको सुविधा भएसँगै कोरोना सङ्क्रमणका बीच पानी भएको बेला धान रोप्न शुरु भएको छ। उहाँले भन्नुभयो, "यस फाँटमा दैनिक छ/सात जना किसानले रोपाइँ हुने गरेको छ भने एउटै मेलामा ३५/४० जना खेताला हाल्दै आएको छ। आइतबारबाट शुरु गरेको थिएँ, मेरो १० रोपनी जग्गामा आज रोपाइँ सम्पन्न हुन्छ।" त्यसपछि पर्म तिर्नका लागि अरुको रोपाइँमा जाने घलेले बताउनुभयो। यहाँ उहाँसहित थमनबहादुर घले, पूर्ण घले, किसान गुरुङलगायतका किसानले रोपाइँ गरिहेका छन्। सङ्क्रमण तीव्ररूपमा फैलिरहे पनि यहाँ रोपाइँमा भने कसैले पनि मुखमा मास्क प्रयोग गरेका छैनन्। स्यानिटाइजरको प्रयोग सामाजिक दूरी कायम भएको छैन।

स्वास्थ्य मापदण्ड अपनाएर काम गर्ने भनिए पनि वर्षायाममा खेतबारीमा धेरै किसानका बीच धान रोपाइँ गर्दा जोखिम भने रहने किसानको भनाइ छ। कोरोना सङ्क्रमण जोखिमको चिन्ताभन्दा धान रोपाइँ गर्नुको चिन्ताले यतिखेर किसान बिहानदेखि साँझसम्म धान रोपाइँ गर्नमै व्यस्त हुने गरेका छन्। यसबाहेक पनि सुन्दरबजार दुराडाँडामा समेत केही दिनमै रोपाइँ शुरु गर्ने तयारी भएको छ। त्यस्तै बेँसीशहर नगरपालिका-११ रामचोक फाँटमा रोपाइँको तयारी भइरहेको र यतिबेला बाँधो जमिन जोत्ने काममा किसान व्यस्त भइरहेको स्थानीयवासी ईश्वरराज सेढाईंले बताउनुभयो। क्व्होलासोथर गाउँपालिका-९ का वडाध्यक्ष राजु गुरुङलेभन्नुभयो,"चार/पाँचदिनपछि घाम्राडबेँसीमा किसानले धान रोपाइँ गर्ने तयारी गरिरहेका छन्। अब यहाँका किसानलाई धान रोप्न भ्याइनभ्याइ हुनेछ।" जिल्लाका ४५ हजार ५० हेक्टर खेतीयोग्य जमिनमध्ये १५ हजार हेक्टरभन्दा बढी क्षेत्रफलमा धानखेती हुँदै आएको छ।

यहाँका किसानले जेठोबूढो, सावित्री, रामधान, सुनौलो सुगन्ध, लोकतन्त्र, एक्ले, उन्नत जातहरू मकवानपुर, गोरखनाथ, लोकनाथ, मनसुली, युएस-३१२, उपज, वर्षे ३००४ लगायत वर्णसङ्कर जातका धान लगाउँदै आएका छन्। त्यस्तै कम पानी हुने ठाउँमा सुख्खा-१, सुख्खा-२ र सुख्खा-३ जातका धान लगाउने गरेका छन्।

कृषि ज्ञान केन्द्र कार्यालयका अनुसार गत वर्ष जिल्लामा १४ हजार २८० हेक्टर क्षेत्रफल जमीनमा गरिएको धानखेतीबाट ४४ हजार ४२५ मेट्रिक टन धान उत्पादन भएको थियो। जिल्लामा बर्सेनि धान उत्पादनमा वृद्धि भइरहेको छ। यस वर्षसमेत समयमै पानी परेमा धान वृद्धि हुने अपेक्षा किसानले गरेका छन्। यद्यपि कोरोना सङ्क्रमणको जोखिमले राम्रोसँग धानखेती गर्न सकिने अवस्था हुन्छ कि हुँदैन भन्ने चिन्तामा भने रहेका छन्।

# हावाहुरीले घरको छानो उडाएपछि ढोरफिर्दीवासीको बिचल्ली

**पोखरापत्र संवाददाता**
**दमौली, २५ जेठ**

जिल्लाको शुक्लागण्डकी-९ ढोरबाराही मन्दिर आसपास क्षेत्रमा सोमबार साँझ असिनापानीसँगै आएको हावाहुरीले घरको छानो उडाइदिएपछि करिब एक दर्जन घरमा क्षति पुगेको छ।

स्थानीयवासी विष्णु लम्साल, हरिबहादुर महत, कृष्ण थापा, खेमबहादुर सुनार, शिवराज बराल, लालु लम्साल, चित्रबहादुर बानियाँलगायतको घरको छानो उडाएपछि बिचल्लीमा परेका छन्।

छानो उडाएपछि पानीले घरका सबै कपडा भिजेका छन्। विद्युत् लाइन नहुँदा वर्षायामको समयमा अन्धकारमा कसरी बस्ने भन्ने चिन्ताले सताएको ढोरबाराही कृषि फार्मका सञ्चालक एवं स्थानीयवासी शिवराज लम्सालले जानकारी दिनुभयो। "अहिलेसम्म यति ठूलो हावाहुरी आएको थाहा पाएका थिएनौँ", उहाँले भन्नुभयो, "हावाहुरीले विद्युत्का पोल ढाल्नुका साथै तार चुँडिँदा अन्धकारमा बस्नुपरेको छ।" विद्युत् लाइन नहुँदा अनलाइनबाट पढ्ने र परीक्षा दिने त्यसक्षेत्रका बालबालिकासमेत प्रभावित हुने देखिएको उहाँले बताउनुभयो।

सोही वडास्थित हिमाली प्राथमिक विद्यालयको शौचालय र स्नानगृहमा क्षति पुगेको छ। शुक्लागण्डकी-८ स्थित पाटनचोकमा चार घरको छानो उडाएको जानकारी पाएको लम्सालले जानकारी दिनुभयो। हावाहुरीसँगै आएको असिनापानीले मकैबाली, तरकारी खेती, केराखेतीमा धेरै क्षति पुगेको बताएको छ। शुक्लागण्डकी-८ का वडाध्यक्ष कृष्णप्रसाद रेग्मीले बिजुलीको पोल ढलेका, तारहरू चुँडिएकाले विद्युत् अवरुद्ध हुँदा अन्धकारमा बस्नुपरेको जानकारी दिनुभयो। सोही वडास्थित बाराही प्राथमिक विद्यालयमा जडान गरिएको सोलार प्यानल उडाएर पूर्णरूपमा क्षति भएको छ। साँझपखको समयमा हावाहुरि र असिनापानी आएकाले क्षतिको यकिन विवरण भने जानकारी आइनसकेको उहाँले बताउनुभयो।


## नेपाल सरकार
## स्वास्थ्य तथा जनसख्या मन्त्रालय
## पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान
## पश्चिमाञ्चल क्षेत्रीय अस्पताल पोखरा

## बोलपत्रको आशयको सूचना।

प्रकाशित मितिः २०७८/०२/२६

यस पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानको २०७७/१२/१९ गतेको आदर्श समाज राष्ट्रिय दैनिकमा निम्नानुसारको बोलपत्रको आव्हान सम्बन्धी सूचना बमोजिम म्याद भित्र पर्न आएका बोलपत्रहरु मध्ये यस प्रतिष्ठानबाट गठित मूल्याङ्कन समितिबाट मूल्याङ्कन हुदाँ देहाय बमोजिमको बोलपत्रहरु सारभुत रुपमा प्रभावग्राही भई स्वीकृतीको लागि छनौट गर्ने निर्णय भई आएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ। साथै सार्वजनिक खरिद ऐन २०६३ को दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदातालाई समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ।

| सि.न. | ठेक्का नंवर/खरिदको विवरण | बोलपत्रदाताको नाम ठेगाना | कबोलअंक (भ्याट बाहेक) | कैफियत |
|---|---|---|---|---|
| १ | PAHS/NCB/GOODS/2077-78/23 Procurement of EUS Package | Himalayan Medical Technologies Pvt ltd, Kathmandu | रु.२,२८,५०,०००/- (रु दुई करोड अठ्ठाइस लाख पचास हजार मात्र) | स्वीकृत |
| २ | PAHS/NCB/GOODS/2077-78/25 Procurement of Anesthesia workstation | कुनैपनि बोलपत्र सारभुत रुपमा प्रभावग्राही नभएको | | |

# देश सम्झेर अस्पताललाई सहयोग

**पोखरापत्र संवाददाता**
**बागलुङ, २५ जेठ**

जापानलाई कर्मथलो बनाएका यहाँका तीन युवा मिलेर धवलागिरि अस्पताललाई रु एक लाख सहयोग गरेका छन् ।

बागलुङ नगरपालिका-८ सिगानाका प्रकाश खड्का, नौ तित्याङका कृष्ण खड्का र काठेखोला गाउँपालिका-१ पालाका राजेश खत्रीले सो सहयोग गर्नुभएको हो । स्थानीय संयोजनकर्ता पत्रकार राम थापाले आज अस्पताल व्यवस्थापन समितिका अध्यक्ष केवी राना मगरलाई सहयोग रकम हस्तान्तरण गर्नुभएको थियो । कोरोना महामारीसँग जुधिरहेको अस्पताललाई अत्यावश्यक चिकित्सा सामग्री/औषधि जोहोका लागि सघाउ पुगोस् भन्ने उद्देश्यले आर्थिक सहायता प्रदान गरिएको प्रकाशले बताउनुभयो ।

"अस्पतालमा अक्सिजन अभाव भएको खबर थाहा पाएपछि जेजति सकिन्छ सहयोग गरौँ भन्ने सोच आयो", उहाँले भन्नुभयो, "सङ्कटमा साथ दिनु स्वदेशप्रतिको हाम्रो दायित्व पनि त हो ।" खड्काद्वय र खत्रीको जापानमा 'नेपलिज ग्लोबल ग्रुप जापान' नाम गरेको कम्पनी छ । सहयोग बुझेपछि अस्पतालका अध्यक्ष मगरले उक्त रकमको सदुपयोग गरिने प्रतिबद्धता जनाउनुभयो ।

"हामी टिममा पनि छलफल गर्छौं, अक्सिजन सिलिण्डर या अरु कुनै अत्यावश्यकीय सामग्री व्यवस्थापनमा खर्च हुन्छ", उहाँले भन्नुभयो, "महामारीको कठिन घडीमा प्रवासी युवाले गरेको सहयोग हाम्रा लागि अमूल्य छ ।" कोरोना रोकथाम, नियन्त्रण र उपचारमा सिङ्गो राज्य संयन्त्र लागे पनि जनस्तरबाटसमेत स्वतःस्फूर्तरूपमा सहयोग जुटिरहेको छ ।

यसअघि आइतबार मात्र जापानमा रहेका तीन नेपाली संस्थाले धवलागिरि अस्पतालसहित गलकोट नगरपालिका र ताराखोला गाउँपालिकालाई रु सात लाख ३७ हजार बराबरका चिकित्सा सामग्री उपलब्ध गराएका थिए । महामारीको यस विषम स्थितिमा स्वास्थ्य क्षेत्रका लागि देशविदेशबाट सहयोग जुट्ने क्रम जारी छ ।

# घाटमा मेसिनरी औजार प्रयोग नगर्न समन्वय समितिको निर्देशन

**पोखरापत्र संवाददाता**
**दमौली, २५ जेठ**

जिल्ला समन्वय समिति तनहुँले देवघाट गाउँपालिकास्थित घाटमा मेसिनरी औजार प्रयोग नगर्न निर्देशन दिएको छ ।

केही दिनअघि बसेको समन्वय समितिको बैठकले त्रिशूली नदीको भुवनटार, सेती भतेरी र काली नदीको कालीभतेरी घाटमा मेसिनरी औजार प्रयोग गरेको देखिएकाले तत्काल मेसिनरी औजार प्रयोगमा रोक लगाउन गाउँपालिकालाई निर्देशन दिएको हो ।

गाउँपालिकाले ढुङ्गा, गिटी, बालुवाको उत्खनन्, विक्री तथा व्यवस्थापन सम्बन्धमा लगाएको ठेक्का व्यवस्थामा ठूलो सङ्ख्यामा एक्साभेटर मेसिनरी औजारको प्रयोग भई गैरकानूनीरूपमा उत्खनन भइरहेको भनी विभिन्न सञ्चार माध्यममा सूचना प्रवाह भएको, विभिन्न राजनीतिक दलका तर्फबाट प्रेस विज्ञप्ति सार्वजनिक भई गम्भीर ध्यानाकर्षण गराइएको साथै समुदायस्तरबाट समेत अनुगमन समितिका प्रमुखसमक्ष मोबाइल र टेलिफोनबाट गुनासो आएको समन्वय समितिले जनाएको छ । बैठकमा देवघाटका प्रमुख प्रशासकीय अधिकृत नरहरि सापकोटाले पालिकाले आन्तरिक आयस्रोत सङ्कलनका लागि वातावरणीय अध्ययन प्रतिवेदन गराई गाउँसभा र गाउँकार्यपालिकाको बैठकको निर्णयानुसार ठेक्का व्यवस्थापनको प्रक्रिया अगाडि बढाएको बताउनुभएको थियो । देवघाटको मिति २०७७ फागुन २० गते स्वीकृत भई फागुन २८ गते प्रमाणित भएको नदी किनारा तथा घाटहरूबाट प्राकृतिक नदीजन्य पदार्थ व्यवस्थापन सम्बन्धमा मेसिनरी उपकरण प्रयोग, अनुगमन तथा नियमनसम्बन्धी कार्यविधि, २०७७ को व्यवस्थाबमोजिम निर्णय गरी मेसिनरी औजारको प्रयोग गरिएको सापकोटाले बताउनुभयो । तर समन्वय समितिले गाउँपालिकाले ढुङ्गा, गिटी बालुवाको उत्खनन्, विक्री तथा व्यवस्थापन गर्ने प्रयोजनको स्वीकृत गरेको वातावरणीय अध्ययन प्रतिवेदनमा नेपाल सरकार मन्त्रिपरिषद्बाट स्वीकृत भएको मापदण्डको व्यवस्थाबमोजिमका प्रावधान समावेश भएको नदेखिएको जनाएको छ । ढुङ्गा, गिटी, बालुवाको उत्खनन्, विक्री तथा व्यवस्थापन सम्बन्धमा पालिकाले मेसिनरी औजारको प्रयोग गर्ने गराउने सम्बन्धमा नेपाल सरकारबाट स्वीकृत भएको मापदण्ड २०७७ को पालना गर्नुपर्ने र सोहीअनुसार वातावरणीय अध्ययन प्रतिवेदन तयार गरी कार्य गर्नुपर्ने व्यवस्था रहेको छ । "उक्त स्थानहरू धार्मिक महत्वका क्षेत्रका साथै चुरे संरक्षण क्षेत्रमा समेत पर्ने देखिएकाले तत्काल मेसिनरी औजार प्रयोग रोक्न निर्देशन दिइएको छ", समन्वय समितिको निर्णयमा भनिएको छ ।देवघाटस्थित स्वतन्त्र युवाहरूको समूहले जथाभावी रूपमा उत्खनन गरेको भन्दै गाउँपालिकासमक्ष विरोधपत्र बुझाएको थियो । समूहले गाउँपालिकाका मुख्य घाटहरूबाट जथाभावी नदीजन्य पदार्थको उत्खनन रोक्न माग गर्दै घाटको आइइ प्रतिवेदन, ठेक्का सम्झौता र उत्खनन गरेको परिमाणको विवरण सार्वजनिक गर्न माग गरेको थियो ।

# सन् २०२१ मा विश्वको आर्थिक वृद्धि ५.६ प्रतिशत रहने विश्व बैंकको अनुमान

**रासस**
**काठमाडौं, २५ जेठ**

विश्व बैंकले यस वर्ष सन् २०२१ को विश्वको आर्थिक वृद्धिको परिदृश्यलाई अद्यावधिक गरेको छ ।

कोभिड-१९ विरुद्ध खोपको बढ्दो प्रयोग तथा धनी मुलुकहरुले सरकारी सहायतामा व्यापक खर्च गरेका कारण तिब्र आर्थिक विकास हुने बैंकले प्रक्षेपण गरेको छ । बैंकका अनुसार यो वृद्धि विगत पाँच दशकयताकै सबैभन्दा बढी हुनेछ । मङ्गलबार सार्वजनिक "विश्व आर्थिक परिदृश्य" प्रतिवेदनमा यस वर्ष सन् २०२१ मा विश्वको आर्थिक वृद्धि ५.६ प्रतिशत हुने प्रक्षेपण गरिएको छ । गत जनवरीमा बैंकले यस वर्ष ४.१ प्रतिशत आर्थिक वृद्धि हुने अनुमान गरेको थियो ।

गत वर्ष विश्वको अर्थतन्त्र ३.५ प्रतिशतले खुम्चिएको थियो । कोरोनाभाइरस महामारीले व्यापारमा पुऱ्याएको अवरोध, व्यवसाय बन्द र मानिसलाई घरभित्रै बस्न बाध्य पारेका कारण आर्थिक वृद्धिमा नकारात्मक असर परेको थियो । बैंकले गरेको यो प्रक्षेपण सन् १९७३ पछि सबैभन्दा बढी हो । सन् १९७३ मा विश्वको आर्थिक वृद्धि ६.६ प्रतिशत रहेको थियो । तर सन् २०२१ को आर्थिक वृद्धि विश्वका सबैजसो मुलुक एवं क्षेत्रमा समान किसिमको नहुने बैंकको भनाई छ । संयुक्तराज्य अमेरिका जस्ता धनी राष्ट्रहरुले आफ्नो अर्थतन्त्रलाई चलायमान बनाउन करदाताले बुझाएको ठूलो राजश्व रकम आर्थिक पुनरुद्धारमा खर्च गरेका छन् । त्यहीकारण ठूला अर्थतन्त्र भएका ९० प्रतिशत मुलुकले अर्को वर्षभित्रै कोभिड-१९ महामारीको पूर्व अवस्थामा आफ्ना मुलुकलाई पुऱ्याउने सम्भावना छ । तर विकासशील मुलुकका लागि परिस्थिति त्यति सहज हुने छैन ।

विश्व बैंकले कोभिड विरुद्धको खोप न्यून आय भएका मुलुकहरुलाई व्यापक स्तरमा उपलब्ध गराउन पनि आग्रह गरेको छ । यी मुलुकहरुमा खोप अभियान सुस्त छ । बैंकले सन् २०२१ मा अमेरिकी अर्थतन्त्र ६.८ प्रतिशतले वृद्धि हुने अनुमान गरेको छ । जनवरीमा अमेरिकी अर्थतन्त्र ३.५ प्रतिशतले मात्र वृद्धि हुने प्रक्षेपण गरिएको थियो । कोभिडका कारण विश्वकै सबैभन्दा ठूलो अर्थतन्त्र भएको मुलुक अमेरिकाको गत वर्षको आर्थिक वृद्धि ३.५ प्रतिशतले गिरावट आएको थियो । तर खोप अभियान तिब्र बनाएसँगै अमेरिकी अर्थतन्त्र उकालो लागेको छ ।

विश्वकै दोस्रो ठूलो अर्थतन्त्र रहेको चीनको अर्थतन्त्र सन् २०२१ मा ८.५ प्रतिशतले वृद्धि हुने बैंकको अनुमान छ । कोरोनाभाइरसलाई चाँडै नियन्त्रण गरी अर्थतन्त्र खुला गरेको चीनको गत वर्ष पनि अर्थतन्त्र २.३ प्रतिशतले वृद्धि भएको थियो ।

युरो मुद्रा प्रयोग गर्ने युरोपका १९ वटा मुलुकको अर्थतन्त्र ४.२ प्रतिशतले वृद्धि हुनेछ । गत वर्ष यी मुलुकको अर्थतन्त्रमा ६.६ प्रतिशतको गिरावट आएको थियो । जापानको अर्थतन्त्र पनि गत वर्ष ४.७ प्रतिशतले गिरावट आए पनि यस वर्ष २.९ प्रतिशतले वृद्धि हुने विश्व बैंकको भनाई छ ।

# संकटमा गाउँ सम्झे राईनासका युवाले

**पोखरापत्र संवाददाता**
**लमजुङ, २५ जेठ**

कोरोना भाईरसको दोस्रो चरणले बिकराल रुप लिएपछि ग्रामिण भेगमा पनि संक्रमण बढ्ने क्रममा छ । संक्रमण नियन्त्रण बाहिर गएपछि सरकारले निषेधाज्ञा जारी गरेको छ ।

गाऊमा कोरोना संक्रमण बढ्न थालेपछि लमजुङको राईनास नगरपालिका २ मा रहेका युवाहरुले गाऊमा सहयोग गरेका छन । जन्मथलो भन्दा बाहिर रहेका युवाहरुले सहयोग रकम संकलन गरेर राईनास नगरपालिका वडा नं २ को साहिलीटारमा रहेको ७५ घरपरिवारलाई स्वास्थ्य सामाग्री तथा भिटामिन ट्याब्लेट बितरण गरिएको सहयोग संकलन अभियानको थालनी गर्नुभएका भानु अधिकारीले जानकारी दिनुभयो । उहाँका अनुसार गाऊमा स्वास्थ्य सचेतनाको अभाव, संक्रमण भैसकेपछि हुनुपर्ने सजगताको कमि देखिएकोले कारोना नियन्त्रण चुनौतीपुर्ण रहेको छ ।

पूर्व साबधानी सहित संक्रमण पछि वा लक्षण देखिएका बिरामीको लागि ज्वरो नाप्ने मेसिन, अक्सीमिटर, माक्स, हातधुने साबुन लगायतका सामाग्री बितरण गरिएको हो ।

यो अभियान कोरोना भाईरस नियन्त्रण पछि पनि चलिरहने, यसलाई सस्थागत रुपदिने तयारी भएको पनि अधिकारीले बताए । गाऊमा आउनसक्ने अन्य बिपत्ती, बिकास र्निमाणमा पनि सहकार्य गर्न, राजनितिक आस्थाका आधारमा नभई आबस्यकताको आधारमा बिकासे संरचना तथा अन्य कृयाकलापलाई अगाडी बढाउने बारे अग्रजहरुले सुझाव दिएको अधिकारीको भनाई छ । संकलित रकमले खरिद गरेको सामाग्री बितरणका लागि काठमान्डौ बाट अभियन्ता भानु अधिकारी, युवराज पन्थी तथा पोखराबाट स्थानिय तथा पत्रकार माधब पनेरु,चितवन बाट अक्षरराज पन्थी गाऊ पुगेका थिए । उक्त वडाका वडाअध्यक्ष रामचन्द्र अधिकारीको रोहबरमा सामाग्री बितरण गरिएको हो । सो अबसरमा अध्यक्ष अधिकारीले बाहिर रहेको युवाहरुले गरेकोप्रयाससकारात्मकरहेकोप्रतिकृया दिनुभयो ।

# भारतमा एक लाखभन्दा कम व्यक्ति कोरोना संक्रमित

**रासस**
**काठमाडौं, २५ जेठ**

भारतमा सोमबार एक लाख भन्दा कम व्यक्तिमा कोरोना सङ्क्रमण देखा परेको छ ।

गत २४ घण्टामा भारतमा थप ८६ हजार ४९८ थप व्यक्तिको कोरोना सङ्क्रमण भएको छ । कोरोना सङ्क्रमितको यो संख्या ६३ दिनयताको सवभन्दा कम हो । कोरोना सङ्क्रमण शुरु भएयता यहाँ सङ्क्रमितको जम्मा संख्या २ करोड ९० लाख ९७ हजार १०९ पुगेको केन्द्रिय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालय मङ्गलबार जानकारी दिएको छ । त्यसैगरी भारतमा कोरोना सङ्क्रमणको कारण ज्यान गुमाउने व्यक्तिको संख्यामा सोचेजस्तो कमि नआए तापनि केही समययता यस प्रकोपको कारण ज्यान गुमाउने पनि केही कम भने भएको मन्त्रालयले मङ्गलबार जानकारी दिएको छ । भारतमा गत २४ घण्टामा २ हजार १२३ जनाको कोरोना सङ्क्रमणबाट मृत्यु भएपछि यहाँ कोरोनाबाट मृत्यु भएका व्यक्तिको संख्या ३ लाख ५१ हजार ३० ९ पुगेको छ । गत २४ घण्टामा भारतमा १ लाख ८२ हजार २८२ जना सङ्क्रमित कोरोना मुक्त भएका छन् । यसैसँग भारतमा हालसम्म २ करोड ७३ लाख ४१ हजार ४६२ जना व्यक्ति कोरोना मुक्त भएका छन् । हाल यहाँ १३ लाख ३ हजार ७०२ जना सक्रिय सङ्क्रमित रहेका छन् ।

भारतमा जुन ६ तारिखसम्म ३६ करोड ६३ लाख ३४ हार १११ जनाको कोरोना परिक्षण गरेको सरकारी स्रोतले जानकारी दिएको छ । गत जनवरी १६ तारिखबाट यहाँ कोरोना भाइरसविरुद्ध खोपको अभियान शुरु भएको थियो । सो समयदेखि हालसम्म कोरोना भाइरसविरुद्ध २३ करोड ६१ लाख ९८ हजार ७२६ डोज खोप लगाएको छ ।

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

**पोखरा महानगरपालिका वडा नं. १८ सरङ्कोट लब्लिहिल ढुङ्गेबाटो ढलान तथा नाला निर्माण गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।**

**योजनाको नाम : लब्लिहिल ढुङ्गे बाटो निर्माण**
**स्थानः पोमनपा वडा नं. १८**
**उपभोक्ता समितिको नामः लब्लिहिल ढुङ्गेखोला बाटो निर्माण समिति**
**योजना सम्झौता मिति : २०७७/१०/१२ गते**
**योजना सुरु भएको मितिः २०७७/१०/१४ गते**
**योजना सम्पन्न भएको मिति : २०७८/०१/३० गते**
**योजनाको कुल लागत : रु. ३०,७६,००० ।-**
**नगरपालिकाबाट प्राप्त हुनुपर्ने रकम : रु. १५,३८,०००।-**
**उपभोक्ता समितिवाट : रु. १५,३८,०००।-**
**उपभोक्ता समितिका पदाधिकारीः अध्यक्ष सरोज मण्डल**
**उपाध्यक्षः कृष्णराज कोईराला सचिवः लाला गुरुङ**
**कोषाध्यक्षः आशिष कार्की सदस्यः जुनमाया पुन**
**अनुगमन समितिः संयोजक अजित मियाँ सदस्यः अनिकेश शाही**

**लब्लिहिल ढुङ्गेखोला बाटो निर्माण समिति**
**पोखरा-१८**

## Government of Nepal
## Ministry of Health & Population
## Pokhara Academy of Health Science Kaski

## Invitation for Electronic Bids

**Date of Publication: 2078.02.26**

1. Pokhara Academy of Health Sciences invites sealed bids from eligible bidders for the Procurement of *Following Items,National competitive bidding procedures.*
2. Interested eligible Bidders may obtain further information at the office of the Pokhara Academy of Health Sciences, Western Regional Hospital, Pokhara, Tel- 061- 533500 or may visit PPMO egp system www.bolpatra.gov.np/egp.
3. Bidder should submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the following account as specified below.
   Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: Agriculture Development Bank Limited Pokhara
   Name of Office: Pokhara Academy of Health Sciences Office Account no: 0316401591248037 (For Bid Fee)
   Office Account no: 0316401591248071 (For Bid Security)
4. Bids should be submitted to the Pokhara Academy of Health Sciences, Pokhara through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 12:00 on 2078-03-02, Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presesnce of Bidders' representatives who choose to attend at 12:30, 2078-03-02at the office of Pokhara Academy of Health Sciences, Western Regional Hospital, Pokhara. Bids must be valid for a period of 90 days from the date of bid opening and must be accompanied by a scanned copy of the bid security in pdf format which shall be valid for 30 days beyond the validity period of the bid.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. The purchaser reservs the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.
8. The name and identification of the contract are as follows:

| Bids No | Name of Procurements | Package No | Bid Fee | Bid Security amount (NRS) | Delivery Period |
|---|---|---|---|---|---|
| PAHS/NCB/ GOODS/ 2077-78/38 Supply, Delivery and Installation of Equipments for pediatric ICU Setup | 7 parameter Bedside Monitor | A | 3,0000/ | 45000/ | Before Ashad 25th 2078 |
| | 5 parameter Bedside Monitor | | | | |
| | ECG Machine : 12 Channel | B | | 6000/ | |
| | Mechanical Ventilator | C | | 170000/ | |
| | CPAP | D | | 43000/ | |
| | ICU Bed (Electric) with accessories | E | | 37000/ | |
| | Emergency Crash cart | | | | |
| PAHS/NCB/GOODS/ 2077-78/37 | Procurement of anesthesia Workstation (Re) | - | 3,0000/ | 190000/ | |

Director
PAHS/WRH